नेपाल न्यूज एक्सप्रेस
Nepal News Express Daily
दैनिक
वर्ष : १ अंक : ०५५ २०७८ साल, मंसिर ०१ गते, बुधवार Wednesday 17 Novmber, 2021 पृष्ठ : ४ मूल्य रु. ०५/-

# पर्सा प्रहरीद्वारा गाँजा फडानी

वीरगंज, ३० कार्तिक ।
ठोरी गाउँपालिकामा संगठित रुपमा समुहमा गाँजा खेती लगाइएको सूचना प्राप्त भए पछि जिल्ला प्रहरी कार्यालय पर्साको कमाण्डमा खटिएको प्रहरी टोलीले गाँजा फडानी गरेको हो। ठोरीमा गाँजा फडानी गर्न जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीको कमाण्डमा ईप्रका पटेर्वा सुगौली तथा ईप्रका ठोरीको प्रहरी टोलीलाई परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । ठोरी गाउँपालिकाको वडा नं. ३ को ब्रह्मनगर,रामनगर तथा जंगल छेवछाव लगायतको क्षेत्रमा लगाइएको गाँजा खेती प्रहरीले फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले वताए । ठोरीमा संगाठनिक रुपमा स्थानिय प्रहरीकै मिलोमतोमा गाँजा खेती गर्न खोजिएको देखिए पनि स्थानिय ईलाका प्रहरी कार्यालय ठोरीका प्रहरी



निरिक्षक ब्रह्मदेव साहले अस्वीकार गरेका छन् । उनले गाँजा खेती भारी मात्रामा लगाईको तथा प्रहरीको आँखा नपुग्ने गरी जंगल छेवछावमा लगाएको भए पनि प्रहरीले गाँजा खेती नष्ट गर्न सफल भएको वताए । ठोरीको बिभिन्न स्थानमा लगाइएको गाँजा खेती प्रहरीले फडानी गरेको तथा अन्य ठाउँमा पनि लगाइएको गाँजा खेती नष्ट गर्ने अभियान पर्सा प्रहरीले शुरु गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । पर्साका प्रहरी प्रवक्ता खनालका अनुसार घटनाको बिषयमा अनुसन्धान भइरहेको तथा गाँजा खेती गर्ने गिरोहको पहिचान गरी मुद्दा दर्ता गरिनेछ।

# युवाहरूको दवाव मुलक आन्दोलनकै कारण अलपत्र रहेको पुलको निर्माण कार्य सुचारू

बीरगन्ज, ३० कात्तिक ।
पर्सा जिल्लाको ग्रामिण भेगलाई सदरमुकाम वीरगञ्जसँग जोड्ने एक मात्र तिलावे पुलको निर्माण कार्य सुरु भएको छ । जिल्ला प्रशासन कार्यालय पर्सामा सोमबार बसेको ठेकेदारसहितको सर्वपक्षिय बैठकमा विगत ७ महिनादेखि अलपत्र छाडिएको तिलावे पुलको निर्माण कार्य यथासिघ्र सुचारु गर्ने सहमति भए अनुसार पुल निर्माण कार्य सुरु भएको हो । ठेकेदारको लापरवाहीका कारण विगत ७ महिनादेखि अलपत्र परेको पुलको आजदेखि निर्माण कार्य सुरु भएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका प्रमुख इन्जिनियर दरोगा साहले जानकारी गराएका छन् । तीन वर्षमा पुल पुरा गर्नु पर्ने ठेकापट्टा भएपनी ६ वर्ष सम्म पुल नबन्दा दैनिक जसो पुलमा सवारीसाधनको जाम लाग्दा सर्वसधारणलाई अप्ठ्यारो भएपछि स्थानीय युवाहरूले पुल निर्माण दबाब समुह बनाएर नियमित दबाब दिएपछि हुलाकी राजगमार्ग निर्देशनालय योजना कार्यालय, वीरगन्ज प्रमुख र निर्माणको जिम्मेवारी लिएको पप्पु कन्ट्रक्सन र लुम्बिनी जेभीका प्रतिनिधिको सहभागितामा बसेको बैठकले आगामी तीन दिनभित्र काम शुरु गर्ने सहमति भएको हो । बैठकले सर्वपक्षिय टोलीले पुल निर्माण कार्यको समय समयमा अनुगमन गर्ने सहमति पनि गरेको छ । २०७२ जेठ २५ मा पप्पु/लुम्बिनी जेभीले ७ करोड ७१ लाख रुपैयाँमा ३ वर्षमा बनाउने गरी तिलावे खोला पुलको ठेक्का सकार गरेको थियो । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका



अनुसार सम्झौता अनुसार पुल २०७५ जेठ २४ भित्रै ठेकेदारले निर्माण सम्पन्न गर्नुपर्ने थियो । तर ठेकेदार कम्पनिले पटकपटक म्याद थप गराउँदै आएको र पछिल्लो पटक थपिएको ठेक्काको म्याद पनि गत भदौ ६ मा सकिसकेको छ भने विगत ७ महिनादेखि पुलको काम अलपत्र छाडेर ठेकेदार कम्पनि सम्पर्कविहिन भएको थियो । ग्रामीण क्षेत्रसँग जोड्ने मुख्य मार्गमा रहेको सो पुल निर्माणमा भइरहेको ढिलाईले पर्साका बासिन्दा नराम्ररी प्रभावित भएका छन् । मुख्य मार्गमा दैनिक घण्टौं जाम लाग्ने गरेको हो । विगतमा कोरोनाका महामारी नियन्त्रणका लागि लगाइएको बन्दाबन्दी, निषेधाज्ञा र बर्षाका कारण ढिलाई भएको कामलाई अब गति दिने निर्णय योजना प्रमुखको अध्यक्षता बसेको बैठकले गरेको हो । सोमबार बसेको बैठकमा निर्माण कम्पनीद्वारा चैत्र मसान्त सम्म पुरा गर्ने भनिएको हो । कुनै पनी बहानामा पुल निर्माण हुन सकेन र ग्रामीण भेगका जनताले दुख भोग्ने अवस्था सृजना भयो भने क्रमबद्ध आनदोलन गर्ने दबाब समुहका युवाहरुले बताएका छन् । जिल्ला प्रशासन कार्यालय पर्सामा मंगलबार भएको बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, प्रहरी उपरिक्षक बेल बहादुर पाण्डे, हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका प्रमुख इन्जिनियर दरोगा साह, पुल निर्माणको ठेक्का लिएको पप्पु लूम्बीनी जेभि कन्ट्रक्सनका सञ्चालक, विभिन्न पालिकाका अध्यक्ष, राजनीतिक दलका प्रमुख लगायतको सहभागीता रहेको थियो ।

# शहरी विकास तथा भवन कार्यालय पर्साका प्रमुख रूद्रनारायण दासको चर्तिकलाले सेवाग्राही मारमा

वीरगञ्ज ३० कार्तिक ।
शहरी विकास तथा भवन कार्यालय पर्साका कार्यालय प्रमुख रुद्रनारायण दासले आफ्नै कार्यालयका लेखा अधिकृतको सरुवाको चक्करमा मन्त्रालयमा गएर बसेकाले कार्यालयको कामकाज ठप्प भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय जनकपुरधाम धनुषाका सचिव दिपककुमार दास मेरो आफन्त भएको भन्दै र दिपककुमार दासले नै लेखा अधिकृतको सरुवा गराइन्छ भन्दै कार्यालय प्रमुख दास जनकपुरमा अड्डा जमाएर बसेकाले बारा, पर्सा र रौतहटका जनता आवास कार्यक्रमको भुक्तानी हुन सकेको छैन । कार्यालय प्रमुख दासलाई सचिव दासले जसरी पनि लेखा अधिकृतको सरुवा गराइदिन्छु भन्दै आश्वासन दिएको कार्यालय प्रमुख दासले बताउने गरेका छन् । कार्यालय प्रमुख दासले कार्यालयमा रहेका सबै इन्जिनियर र सबइन्जिनियरहरुलाई नियुक्ति नदिएर जनता आवास कार्यक्रमतर्फ बारा, पर्सा र रौतहटको सम्पूर्ण बिल आफैं तयार गरी चेकजाँच र प्रमाणित समेत आफैंले गरेको कारण लेखा प्रमुखले टिप्पणी उठाएर भुक्तानीको लागि कार्यालय प्रमुखसमक्ष पेश गर्दा टिप्पणी आदेश स्वीकृत गर्नुको सटा लेखा प्रमुखलाई अपशब्द प्रयोग गरी गाली बेइज्जती गरी कार्यालय छाडेर लेखाको सरुवाको लागि मन्त्रालयमा बसेको हुनाले सेवाग्राही मारमा परेका हुन् । भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव र सचिव दासको सेटिंगमा कार्यालयका सम्पूर्ण सेवा करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई बर्खास्त गरेपछि विवाद बढेको



कार्यालय प्रमुख रुद्रनारायण दास

कार्यालयसम्बद्ध स्रोतले बतायो । सोही विवाद बढ्दै गएपछि कार्यालय प्रमुख दास लेखा अधिकृतको सरुवाको लागि शक्तिकेन्द्र धाउन थालेका हुन् । कार्यालय प्रमुखले वीरगञ्जमा हाजिर भएदेखि नै मनोमानी तरिकाले नियम मिचेर काम गर्दै आए पनि सचिव दासले उनलाई संरक्षण दिएको कर्मचारीहरु बताउँछन् । सचिव दास आफ्नो नातेदार भएको बताउने कार्यालय प्रमुख दासले आफू विभिन्न राजनीतिक दलका नेताहरुको निकट भएको भन्दै धाक देखाउँदै हिड्ने गरेका छन्। सेवाग्राहीको भनाइअनुसार प्रमुख दासले आफ्नो एकाउन्टेन्ट ल्याएपछि मात्र भुक्तानी गर्छू भन्ने गरेका छन् । सचिव र कार्यालय प्रमुखको चलखेलको कारण भुक्तानी नपाएको गुनासो उनीहरुको छ लेखा अधिकृतको सरुवा नभएसम्म मनोमानी तरिकाले कार्यालय चलाउन नसक्ने भएपछि कार्यालय प्रमुख दास लेखा अधिकृतको सरुवाको लागि अनेक तिकडममा लागेका छन् । जसका कारण सरोकारका सेवाग्राही मारमा परेका छन् । सामान्यत: कुनै कर्मचारीको सरुवा २ वर्षमा हुने भए पनि कार्यालय प्रमुख दास आफू मातहतका लेखा अधिकृतलाई सो अवधि अगाडि नै सरुवा गराउन मन्त्रालयमा धर्ना दिएर बसेका छन् । शहरी विकास तथा भवन कार्यालय पर्साका कार्यालय प्रमुख रुद्रनारायण दासको चर्तिकला भिडियो हेर्न यहा क्लिक गर्नु

# वीरगञ्जमा नेपाल बन्दको प्रभाव शुन्य, विद्यालय बन्द, बजार खुला

वीरगञ्ज, ३० कार्तिक ।
नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले आह्वान गरेको नेपाल बन्दको प्रभाव पर्सा, बारा लगायत तराई मधेशका क्षेत्रमा देखिएको छैन । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि फिर्ताको माग गर्दै 'विप्लव' नेतृत्वको नेकपाले गरेको नेपाल बन्दका कारण बिहान सञ्चालन हुने विद्यालयहरु चलेपनि विद्यार्थीको सुरक्षालाई मध्यनजर गर्दै दिउँसो सञ्चालन हुने शैक्षिक संस्था भने लगभग बन्द नै छन् । फाँटफुट रुपमा पर्साबाट चल्ने लामो दुरीका सवारीसाधन रोकिनु बाहेक अन्य सबै कुराहरु भन्ने खुल्ला छन् । बजारमा पनि बन्दको प्रभाव परेको देखिदैन । लामो दुरीका सवारी नचलेपनि छोटो दुरीका सवारी भने वीरगञ्जमा सञ्चालित छन् । बन्दको प्रभाव कम गर्न ठाउँठाउँमा प्रहरी परिचालन गरिएको पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए ।



पाण्डेका अनुसार चोकचोकमा प्रहरीको उपस्थिति बाक्लो छ। प्रहरीले फाट्टफुट्ट सार्वजनिक गाडी चलिरहेको पनि जनाएको छ । सार्वजनिक गाडीको सङ्ख्या कम भए पनि निजी गाडी भने सामान्य रुपमा चलिरहेका छन् ।

## नेपाल न्युज एक्सप्रेस दैनिकको लागी

प्रकाशक : अमिर मंसुरी
कार्यकारी प्रकाशक : सहन पौडेल
सम्पादक : सञ्जना कुमारी
कार्यकारी सम्पादक : शाहरुख मंसुरी
कानुनी सल्हाकार : मेराज मियाँ
बजार व्यस्थापक : आफताब राय
कप्युटर अपरेटर : पिन्टू कुमार साह
सम्पर्क कार्यालय : वीरगंज-१३ पर्सा (पावरहाउस)
मुद्रक : पौडेल अपसेट प्रेस, वीरगंज



सम्पर्क नं.: ९८५५०१२७०१
nepalnewsexpressdaily@gmail.com


## ‘आकाशे दामामा बाजे... / शमशेर बहादुर सिंह



गर्दन झुकाए
एकटक कुछ देखते,सोचते,
निश्चय
ओ विद्रोही
--क्या देखते, जाने क्या सोचते
स्वत: अनजाने ही
तीन देशों के एक साथ नागरि
क
तीन देशों की विप्लवी
एकता में
कहीं
चित्त बसाए
...हमारे लिए तीन
जो तुम्हारे लिए एक...
मौन शांत दृष्टि से
क्या अवलोकन करते
कौनसी कविता लिखते
किस नए का‘स्मिक विद्रोह
और
निर्माण
की !
“...आकाशे दामामा बाजे...“
विद्रोही !
क्या अब भी दामामे बज रहे
हैं
--और किस आकाश में
किन-किन धरतियों के ऊपर
मानव-हृदयों में
दामामे
बज रहे हैं ?!
“चल ! चल ! चल !“ शुन,
शुन,
शुन
!
वह शोकगीत के दामामे हैं
शायद :
मगर उनकी चोट कैसी कड़ी
है
विद्रोही !
न, न, न,
वो शोकगीत के न होंगे,
विजय के ही होंगे निरन्तर
सदा
की तरह !
क्यों तुम बोल न उठे
यकायक कभी ?
इतना कुछ हो गया
दुनिया में
हीरोशिमा नागासाकी ही नहीं
पूरा वियतनाम
पूरा चीन
पूरा अफ्ीका
पूरी अरब दुनिया
--ये सब
मानव चेतना के इतिहास में
व्याप्त
हो गया :
हम अपनी साँस में
इन सबको जीते हैं
...और तुम ?!
युद्ध समाप्त हुआ
जिसमें से और
भीषणतर युद्ध
आरम्भ हुए;
पश्चिम का दानवी रूप
प्रकट हुआ;
तीसरी दुनिया ने जन्म लिया
और आँखें खोलीं...!
यहूदियों अरबों ईसाइयों
की आने वाली क़यामत
अभी फट तो नहीं पड़ी है
इस धरती के सर पर,
मगर इसी विस्फोट के लिए
प्राण-पन से
अमरीका
निरंतर अहर्निश
घोर अभ्यास कर रहा है !
तुम्हें ख़बर नहीं ?
तुम अपने...
अपने सुदूर
विद्रोही अवचेतन में
कौन से महाकाव्य की

# नेपालको बिजुलीमा भारतको ’रणनैतिक दृष्टि’

तिहारको झिलीमिली सुरू हुनै लाग्दा हाम्रा लागि एउटा खुसीको खबर आयो– नेपालले भारतको खुला बजारमा बिजुली बेच्न स्वीकृति पाएको खबर ।यो स्वीकृतिसँगै लक्ष्मीपूजाको अघिल्लो दिनबाट नेपालले भारतको खुला बजारमा, बजारले तय गरेको मूल्यमा बिजुली बेच्न सुरू गरेको छ। तिहारभरी नेपालमा झिलिमिली, भारता बिजुली निकास पनि। केही वर्षअघिसम्मको १४ घन्टे लोडसेडिङ सम्झिँदा यो प्रगति सानो होइन। अहिले आन्तरिक खपत नभएर दैनिक करिब ५०० मेगावाट बिजुली खेर गइरहेका बेला नेपालले पाएको यो अवसर कम महत्वको छैन। बिजुली विकासमा यसको दीर्घकालीन महत्व झनै धेरै छ।बिजुली निकासीको यो खबरसँगै नेपालमा अहिले दुई विषयमा चासो र चर्चा सुरू भएको छ: पहिलो, भारतले साँच्चै नै नेपालमा उत्पादित र उसले आफैं खपत गर्न नसक्ने सबै बिजुली किन्न लागेको हो वा नेपालको बिजुली विकासलाई भारतीय निगाहमा निर्भर गराउन ’रणनैतिक चाल’ चालेको हो? दोस्रो, नेपालले उत्पादन गरेको बिजुली आफैंले खपत गर्ने रणनीति बनाउने हो वा सस्तोमा बिजुली निकासी गरेर महँगोमा भारतीय उत्पादन किन्ने हो? हाम्रो बिजुली र अर्थतन्त्र विकासका लागि यी दुवै प्रश्न अत्यन्त महत्वपूर्ण छन्। यो लेख यिनै दुई विषयमा केन्द्रित हुनेछ। पहिलो विषयबाट सुरू गरौं। भारत र नेपालबीच सन् २०१४ मा विद्युत व्यापार सम्झौता भयो। त्यसले अन्य सरसामानसरह नेपाल र भारतले बिजुली किनबेच गर्नसक्ने बाटो खोल्यो। सन् २०१६ मा सार्क राष्ट्रहरूबीच ऊर्जा किनबेच हुनसक्ने गरी ’फ्रेमवर्क’ सम्झौता भयो।

यो सम्झौता भएका बखत नेपालमा चरम लोडसेडिङ थियो। दैनिक १४ घन्टासम्म हुन्थ्यो। यो सम्झौतापछि नेपालले आवश्यकताअनुसार भारतबाट बिजुली किन्न र बेच्नसक्ने बाटो खुल्यो। त्यसले नेपालमा बिजुली विकासमा ठूलो उत्साह थप्यो। त्यो उत्साह धेरै दिन टिक्न भने सकेन। भारतले सन् २०१७ मा सीमापार विद्युत व्यापार निर्देशिका जारी गर्‍यो। उक्त निर्देशिकाले भारतमा बिजुली निर्यात गर्न या त पूरै नेपाली लगानी भएको परियोजना हुनुपर्ने वा न्यूनतम ५१ प्रतिशत भारतीय लगानी हुनुपर्ने सर्त राख्यो। त्यस्तै सार्क फ्रेमवर्क सम्झौता लत्याउँदै उक्त निर्देशिकाले नेपालले भारत हुँदै अर्को मुलुकमा बिजुली बेच्नसक्ने ढोका बन्द गरिदियो। नेपालका निजी तथा साना विद्युत उत्पादनलाई पनि त्यसले निराश पार्‍यो। ५० मेगावाटभन्दा बढीका आयोजनाबाट उत्पादित बिजुली मात्र भारतको राष्ट्रिय ग्रिडमा पठाउन सकिने प्रावधान त्यहाँ राखियो। यी सबै सर्तका पछाडि भारतीय ’सुरक्षा चासो’ ले काम गरेको थियो। सो निर्देशिकाले औपचारिक रूपमै ऊर्जालाई ’स्ट्राटेजिक कमोडिटी’ अर्थात् ’रणनीतिक महत्वको वस्तु’ मान्यो। बिजुलीमा राष्ट्रिय सुरक्षाको चासो छिरेपछि भारत अनुदार र संकीर्ण बन्यो। त्यस्तो संकीर्ण निर्देशिका जारी भएपछि नेपाल लगायत छिमेकी मुलुकले प्रतिवाद गरे। भारतभित्रै पनि उक्त निर्देशिका मुलुकको दीर्घकालीन ऊर्जा स्वार्थविरूद्ध छ भन्ने तर्क बढ्दै गयो। अन्ततः सन् २०१८ को अन्त्यमा भारतले निर्देशिका सच्यायो। नयाँ निर्देशिकाले नेपालमा लगानी गरेका विदेशी कम्पनीलाई पनि भारतमा बिजुली निकासी गर्ने बाटो खोलिदियो। भारतको राष्ट्रिय प्रसारण लाइनमार्फत् बंगलादेशमा बिजुली लैजानसक्ने बाटो खोलिदियो। भारत निकासी गर्न कम्तीमा ५० मेगावाटको जलविद्युत आयोजना हुनुपर्ने सर्त पनि हटायो। यी नीतिगत सुधारलगत्तै नेपालले भारतीय खुला बजारमार्फत बिजुली किनबेच गर्ने प्रस्ताव राख्यो। झन्डै साढे दुई वर्षसम्म भारतले त्यसका लागि स्वीकृति दिएन। यसैबीच नेपाल विद्युत प्राधिकरणले नेपालसँग सीमा जोडिएका राज्य बिहार र उत्तर प्रदेशका विद्युत बोर्डसँग छुट्टै सम्झौतामार्फत आवश्यकताअनुसार केही बिजुली किनबेच भने गर्‍यो। भारत सरकारले बल्ल गत वैशाखमा आएर नेपाल विद्युत प्राधिकरणलाई भारतीय खुला बजारबाट बिजुली किन्ने स्वीकृति दियो। बेच्ने स्वीकृति भने दिएन। जबकि गत बर्खादेखि नेपालमा चाहिनेभन्दा धेरै बिजुली उत्पादन भयो। उपयोग नभएर बिजुली खेर गयो। नेपालले भारतीय खुला बजारमा बिजुली निर्यातका लागि निरन्तर प्रयत्न गरिरह्यो। एक महिनाअघि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नेतृत्वमा नेपाली टोलीले दिल्लीमा बिजुली निकासका लागि वार्ता गरेको थियो। यी सबै प्रयत्नपछि दिल्लीले भारतीय खुला बजारमा नेपाली बिजुली बेच्ने स्वीकृति दिएको छ। तर त्यो पनि सीमित मात्रामा। नेपालले माथिल्लो तामाकोशी, मर्स्याङ्दी, माथिल्लो भोटेकोशी, त्रिशुली र देवीघाट परियोजनाबाट ६२१ मेगावाटसम्म बिजुली बेच्ने स्वीकृति मागेको थियो। भारतीय बजारमा बिजुली बेच्न भारतीय सरकारको ऊर्जा मन्त्रालयले स्वीकृति दिनुपर्छ। ऊर्जा मन्त्रालयले भने त्रिशुली र देवीघाट दुई परियोजनाबाट उत्पादित बिजुलीलाई मात्र स्वीकृति दिएको छ। यी दुवै परियोजना भारतीय लगानीमा बनेका हुन्। भारतले अरू परियोजनाबाट बिजुली बेच्ने प्रस्ताव ’अध्ययन गरिरहेको’ बताएको छ। कहिलेसम्म स्वीकृति दिन्छ वा दिँदैन, यकिन छैन। बिजुलीमा भारतको ’रणनैतिक दृष्टि’ भारतले अन्य मुलुकबाट बिजुली किन्ने नीतिलाई आफ्नो ’कन्डक्ट अफ बिजनेश रुल्स’ (सिबिआर) मा थप व्याख्या गरेको छ। त्यसले घुमाउरो पारामा नेपालमा चिनियाँ लगानीमा उत्पादित बिजुली भारतले नकिन्ने भेनेको छ। ऊर्जा सम्बन्धी एक उच्च अधिकारीका अनुसार सिबिआरमा प्रष्ट लेखिएको छ, ’भारतसँग सीमा जोडिएका तर आफूसँग ऊर्जा व्यापार सम्झौता नभएका मुलुकको लगानीमा बनेका परियोजनाबाट उत्पादित बिजुली भारतले किन्ने छैन।’ अर्थात, भारतले दक्षिण एसियाका कुनै पनि मुलुकमा चिनियाँ र पाकिस्तानी लगानीमा बनेका परियोजनाबाट उत्पादित बिजुली किन्ने छैन। चीन र पाकिस्तानको भारतसँग सीमा जोजिन्छ तर दुवै मुलुकको भारतसँग ऊर्जा व्यापार सम्झौता भएको छैन। तर अन्य मुलुकका लगानीमा बनेका परियोजनाबाट उत्पादित बिजुलीमा भने यस्तो बन्देज छैन। भारतले नेपालमा चिनियाँबाहेक आन्तरिक र अन्य मुलुकका लगानी भएका परियोजनालाई पनि कस्तो व्यवहार गर्छ भन्ने हेर्न अझै बाँकी नै छ। पहिलो चरणमा आफ्नो लगानीमा बनेका त्रिशूली र देवीघाट परियोजनाबाट उत्पादित बिजुली मात्र किन्न भारतले दिएको स्वीकृतिले केही संशय जन्माएको छ। नेपालले भारतमा बिजुली निर्यात गर्न स्वीकृति मागेको सबभन्दा ठूलो परियोजना ४५६ मेगावाटको माथिल्लो तामाकोशी हो। यो नेपालले आफ्नै लगानीमा बनाएको हो। विद्युत प्राधिकरण यसबाट उत्पादित बिजुली भारतमा बेच्न स्वीकृति कुरेर बसेको छ। परियोजनामा चिनियाँ ठेकेदारको संलग्नतालाई पनि भारतले मुद्दा बनाउन खोजेको हो कि भन्ने आशंका नेपाली अधिकारीलाई छ। माथिल्लो तामाकोशीमा चार ठेकेदारले काम गरेका थिए। तीमध्ये तीन भारतीय हुन् भने एक चिनियाँ ठेकेदार हो। ’भारतले आयोजना निर्माणमा संलग्न ठेकेदारको राष्ट्रियताको विषय उठाए त्यो ठूलो पूर्वाग्रह हुनेछ,’ ऊर्जा क्षेत्रका एक उच्च अधिकारीले भने, ’हामीले जलविद्युत परियोजना निर्माणमा प्रतिस्पर्धाबाट ठेकेदार चुन्ने हो, त्यो चनियाँ, भारतीय वा अरू कोही पनि हुन सक्छन्।’ चिनियाँ लगानीको बिजुली भारतले आयात नगरे पनि त्यसले नेपालमा चिनियाँ लगानीमा ठूलो असर पर्दैन। चिनियाँ लगानीमा बनेका परियोजनाबाट उत्पादित बिजुली नेपाल आफैंले खपत गर्नसक्छ। तर कुनै पनि बहानामा भारतले अरू परियोजनाबाट उत्पादित बिजुली किन्न नमान्ने हो भने त्यसले नेपाललाई ठूलो हानी गर्नसक्छ। त्यसले नेपाल-भारत सम्बन्धमा पनि ठूलो प्रभाव पार्छ। नेपालले भारतलाई सम्झाउनु पर्ने विषय यही हो। नेपालमा उत्पादित ’क्लिन इनर्जी’ भारतलाई चाहिन्छ भनेर हामीले सम्झाउनु पर्दैन। अहिले पनि कोइला प्रयोग गरेर ६० प्रतिशत बिजुली उत्पादन गरिरहेको भारतलाई त्यो थाहा नहुने कुरै भएन। नेपालमा उत्पादित बिजुली बिक्री नभएर खेर जाने र जलविद्युत क्षेत्रको लगानी धरासायी हुने अवस्था आयो भने त्यसले नेपालमा भारत प्रतिको दृष्टिकोण कति धेरै नकारात्मक बन्नेछ भन्ने भारतीय पक्षलाई सम्झाउनु जरूरी छ। त्यसै पनि नेपाल-भारतबीच व्यापार घाटाको ठूलो खाडल छ। गत वर्ष मात्रै नेपालले भारतबाट ८८६ अर्ब रूपैयाँ बराबरका सामान आयात गर्‍यो। जबकि सो वर्ष नेपालले जम्मा ९० अर्ब बराबरका सामान मात्र निर्यात गर्‍यो। हामीसँग भारतीय बजारमा प्रतिस्पर्धा गर्न सक्ने निर्यातयोग्य सामान एकदमै थोरै छन्। त्यसैले हाम्रो व्यापार घाटा बर्सेनि बढ्दो छ। जलविद्युतबाट उत्पादित बिजुली मात्र नेपालसँग भएको यस्तो वस्तु हो जुन भारतीय बजारमा प्रतिस्पर्धा गरेर निर्यात हुन सक्छ। भारतले एउटा वा अर्को बहानामा बिजुली निर्यात रोक्न वा सीमित राख्न खोज्यो भने त्यो भारतसँगको ठूलो राजनीतिक-आर्थिक विषय बन्नेछ। यसमा अर्को महत्वपूर्ण पक्ष पनि छ। नेपालका सबै जलविद्युत आयोजनामा आम नेपालीको ठूलो लगानी र सेयर छ। माथिल्लो तामाकोशीमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता, विद्युत प्राधिकरण, कोष र विभिन्न सम्बन्धित कम्पनीका कर्मचारीसहित आम नेपालीको ४९ प्रतिशत लगानी छ। उनीहरूको लगानीमा बनेका आयोजनाबाट उत्पादित बिजुली किन्न भारतले नमान्ने हो भने त्यसको प्रत्यक्ष असर उनीहरूलाई पर्छ। भारतले नेपाली उत्पादन नकिन्ने हो भने भारतीय सामान नेपालीले किन किन्ने भन्ने मुद्दा क्रमशः जोडतोडसाथ उठ्न थाल्नेछ। भारतले नेपालमा उत्पादित बिजुली किन्ने विषयलाई ’रणनीतिक मुद्दा’ बनाउँछ भने आममानिसको दबावमा नेपाल सरकारले पनि ढिलोचाँडो बिजुली निर्यातको विषयलाई ’रणनीतिक मुद्दा’ नबनाइ सुखै पाउने छैन। त्यसले नेपाल-भारत सम्बन्धलाई अर्को नकारात्मक दुश्चक्रमा हाल्नेछ। अमानवीय नाकाबन्दीपछि नेपालमा धुमिल भएको भारतीय छवि आममानिसको तहमा थप बिग्रिनेछ। अब दोस्रो महत्वपूर्ण प्रश्नमा जाऔं। नेपालले उत्पादन गरेको बिजुली आफैं खपत गर्ने रणनीति बनाउने हो वा सस्तोमा बिजुली निकासी गरेर महँगोमा भारतीय उत्पादन किन्ने हो? कहिलेसम्म हामीले भारतमा बिजुली निर्यात गर्ने हो? कतिसम्म गर्ने हो? बिजुली निर्यात गरेर देश धनी बन्छ वा बनाउनुपर्छ भन्ने धारणासँग म पनि सहमत छैन। यसका दुई कारण छन्। पहिलो, बिजुली कच्चापदार्थ हो। अर्थशास्त्रको सामान्य नियमले भन्छ- कच्चापदार्थ बेचेर मुलुक धनी हुँदैन। कच्चापदार्थ प्रयोग गरेर सामान बनाए त्यसले थप आम्दानी दिन्छ। आन्तरिक खपत गरे पनि, निर्यात गरे पनि मुलुकलाई थप फाइदा पुग्छ।

दोस्रो, हामीसँग असीमित बिजुली उत्पादन गर्ने स्रोत छैन। खपत बढ्दै गएपछि, हाम्रो जीवनस्तर उकासिँदै गएपछि हामीले उत्पादन गर्ने सबै बिजुली हामीलाई नै चाहिन्छ। नेपालको प्रतिव्यक्ति बिजुली खपत अहिले थोरै छ। त्यसले हाम्रो जलविद्युत क्षमता धेरै देखिएको हो। नेपालीको प्रतिव्यक्ति औसत बिजुली खपत २६० युनिट जति छ। भारतको जस्तो प्रतिव्यक्ति खपत एक हजार युनिट मात्र पुग्यो भने हामीलाई १२ देखि १५ हजार मेगावाट बिजुली आवश्यक पर्छ। चीनको जस्तो प्रतिव्यक्ति खपत चार हजार युनिट पुग्यो भने हामीलाई २२ देखि २५ हजार मेगावाट आवश्यक पर्छ। त्यस्तै दक्षिण कोरियाको जस्तो १३ हजार युनिट पुग्यो भने हामीलाई ९० हजार मेगावाट आवश्यक पर्छ। संसारको सबभन्दा धेरै प्रतिव्यक्ति बिजुली खपत गर्ने नर्वेको जस्तो भए हामीलाई १ लाख ५० हजार मेगावाट बिजुली चाहिन्छ।

त्यसैले नेपालसँग आफूलाई चाहिनेभन्दा धेरै बिजुली भण्डार छ भन्ने भ्रमबाट हामी मुक्त हुनुपर्छ। हामी गरिब भएकाले, घरायसी खपत कम भएकाले र उद्योग-व्यवसाय विकास कम भएकाले मात्र बिजुली खपत कम भएको हो। उत्पादित बिजुली खपत नभएको हो। हामीसँग भएको बिजुलीको स्रोत धेरै देखिएको हो।

यति हुँदाहुँदै नेपालले केही मात्रामा बिजुली निर्यात गर्नुपर्ने अवस्था आइपरेको छ। किन?दुइटा कारणले। पहिलो, धान्न नसकिने व्यापार घाटा र बिजुलीको आन्तरिक माग। नेपालले बर्सेनि खर्बौं रूपैयाँको सामान आयात गर्छ। हामीसँग विदेशी बजारमा प्रतिस्पर्धा गर्नसक्ने निर्यातजन्य सामान भने नगन्य छन्। त्यसलै हाम्रो व्यापार घाटा धान्न नसक्ने गरी बढ्दैछ। धन्न रेमिट्यान्सको पैसाले यो घाटा केही धानिएको छ। तर यो दीर्घकालीन बाटो होइन। व्यापार घाटा घटाउन र अर्थतन्त्रलाई बलियोसँग टेक्ने आधार दिन केही परिणाममा बिजुली निर्यात गर्न जरूरी छ। नेपालको सबभन्दा ठूलो व्यापार घाटा भारतसँगै हो। गत वर्ष मात्रै भारतसँग करिब ८ सय अर्ब रूपैयाँ बराबर व्यापार घाटा भयो। निकट भविष्यमा हामीसँग अर्को कुनै निर्यातजन्य सामान हुने छैन जसले भारतसँगको व्यापार घाटा कम गरोस्। त्यसैले आउने दस वर्षभित्र भारतसँगको व्यापार घाटाको ५० देखि ८० प्रतिशत पूरा गर्ने गरी हामीले भारत र बंगलादेशमा बिजुली निर्यात गर्ने नीति लिन सक्छौं। अहिलेको मूल्यमा झन्डै दस हजार मेगावाट बराबर बिजुली निर्यात गर्ने हो भने भारतसँगको व्यापार घाटा आधा कम गर्न सकिन्छ। हामीले कारणवश व्यापार घाटा सम्हाल्न सकेनौं भने त्यसैले अर्थतन्त्र अस्थिर बनाइदिनेछ। त्यसले हाम्रो आत्मविश्वास हल्लाइदिनेछ। जुन देशले आयातका लागि चाहिने विदेशी मुद्रा नै तिर्न सक्दैन, त्यो देशमा विदेशी लगानी आउने छैन। तत्कालका लागि बिजुली निर्यात गर्नुपर्ने अर्को पनि कारण छ। हामीसँग अहिले नै आन्तरिक मागले धान्नेभन्दा धेरै बिजुली छ। हिउँदका केही महिना खोलाहरूमा पानी कम हुनाले आन्तरिक उत्पादनले हामीलाई नै पुग्दैन। केही मात्रामा भारतबाट आयात गर्नुपर्छ। तर ती महिनाबाहेक हामीलाई बिजुली धेर

# अन्तर्राष्ट्रिय समाचार

## कोरोनाले अमेरिकामा एक लाख ४० हजार बच्चा अभिभावक विहिन

वीरगञ्ज, ३० कार्तिक ।

ँ-कोरोनाभाइरसको महामारीका कारण अमेरिकामा एक लाख ४० हजारभन्दा बढी बालबालिका अभिभावक विहिन भएका छन् । 'विजनेश इन्साइडर'ले तयार पारेको प्रतिवेदनमा महामारीका कारण बालबालिको जीवनमा दिर्घकालिन असर परेको उल्लेख छ । सो प्रतिवेदन अनुसार देशका हरेक ५०० मध्ये एक जना अभिभावक विहिन हुनु परेको देखिएको छ । अभिभावक विहिन



भएपछि बालबालिकाहरुले मनोवैज्ञानिक तथा आर्थिक समस्या भोग्नु परेको अधिकारीहरुले जनाएका छन् । अभिभावक गुमाएका बालबालिकाहरु मध्ये धेरै बालबालिकाहरु अल्पसङ्ख्यक तथा सानो समुदायका धेरै रहेको पाइएको छ । कोरोनाभाइरसको महामारीबाट अत्यधिक धेरै प्रभावित देशको अग्रसूचीमा अमेरिका पर्दछ । कोरोनाका कारण मृत्यु भएका, सङ्क्रमित भएका र अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या अमेरिकामै सवैभन्दा धेरै रहेको छ । कोरोनाभाइरसका कारण अमेरिकामा अहिलेसम्म सात लाख ६४ हजारभन्दा बढीको मृत्यु भएको अधिकारीहरुले जनाएका छन् ।

## दोहा विमानस्थलमा निवस्त्र पारिएका महिलाहरूले कतार सरकारविरुद्ध मुद्दा दायर गर्दै

वीरगञ्ज, ३० कार्तिक

दोहा - दोहा विमानस्थलमा निवस्त्र पारिएका अस्ट्रेलियाली महिलाहरूले कतार सरकारविरुद्ध मुद्दा दायर गर्ने भएका छन् । सन् २०२० को अक्टोबरमा हमाद विमानस्थलमा नवजात शिशु भेटिएपछि ती महिलाहरूलाई उड्न तयारी रहेको विमानबाट ओरालेर निवस्त्र पारिएको थियो । सुत्केरी भएको आशंकमा निवस्त्र महिलालाई परीक्षण गरिएको थियो । कतार एअरवेजको विमानबाट ओरालेर एम्बुलेन्समा



राखिएका महिलालाई नर्सहरूले भित्री वस्त्र फुकाल्न लगाएर जाँच गरेका थिए । निवस्त्र पारिएको घटनाबारे महिलाहरुको विरोधपछि कतारले माफी मागेको थियो । कतारका तत्कालिन प्रधानमन्त्री खालिद अल थानीले सरकारका तर्फबाट क्षमा मागेका थिए । घटनामा संलग्न विमानस्थलका एक अधिकारी निलम्बनमा परेका थिए । करिव पाँच मिनेट परीक्षणगरेपछि उनीहरूलाई पुनः विमानमा चढाइएको थियो । अस्ट्रेलियामा उत्रिएपछि पीडितहरूले प्रहरीलाई उजुरी दिएका थिए । सो घटनाको अर्न्राष्ट्रिय समुदायले निन्दा गरेको थियो ।

## तालिबानले फेरि किन गऱ्यो अमेरिकी सेनाको हतियार प्रदर्शन

वीरगञ्ज, ३० कार्तिक

काबुल - तालिवानले अफगानिस्तानको राजधानी काबुलमा हतियार प्रदर्शन गरेको छ । तालिबानले अमेरिकी सेनाबाट नियन्त्रणमा लिइएका तथा स्वदेश फर्किनुअघि अमेरिकाले नै छोडेका हतियार प्रदर्शन गरेको हो । २५० जना तालिवान सेनालाई तालिम प्रदान गरेपछि हतियार प्रदर्शन गरिएको रक्षा मन्त्रालयका प्रवक्ता इन्यातुल्लाह खवाराजमीले जानाकारी दिए । सैन्य अभ्यासमा अमेरिकामा निर्मित एम ११७ बख्तर बन्द गाडीलाई काबुलका सडकमा गुडाइएको थियो । सो अवसरमा अधिकांश तालिवान लडाकुले अमेरिकामा निर्मित एम ४ राइफल



बोकेका थिए । तालिबान फौजले अहिले प्रयोग गरेका अधिकांश हतियार अफगानिस्तानमा यसअघिको सरकारलाई अमेरिकाले सहयोग स्वरुप प्रदान गरेको थियो । अफगान फौजलाई तालिबानबिरुद्ध लड्न अमेरिकाले पूर्वराष्ट्रपति असरफ गनी नेतृत्वको सरकारलाई अत्याधुनिक हतियार उपलब्ध गराएको थियो । त्यस्तै, तालिमका अवसरमा तालिबानले रसियाली हेलिकोप्टरहरु पनि प्रदर्शन गरेका थिए । तालिबानले १५ अगस्टमा अफगानिस्तानमा सत्तापलट गरेको थियो ।तालिवान सत्तामा आएपछि महिला र बालिकाहरुको अधिकार खोसिएको छ । महिलालाई अझै पनि विद्यालय जान अनुमति दिइएको छैन । त्यस्तै, तालिवानले सत्ता कब्जा गर्दा घरमै बसेका सरकारी कर्मचारीमध्ये महिला कर्मचारी अझै नियमित काममा फर्किन पाएका छैनन् । तालिबान सरकारमा महिलाको सभागीता शून्य छ । तालिबानले महिला मन्त्रालय खारेज गरिदिएको छ ।

## भारतको बिहारमा विषाक्त रक्सी सेवनबाट २४ जनाको मृ त्यु , १४ को अवस्था गम्भीर

एजेन्सी/वीरगञ्ज,३० कार्तिक । बिहारका दुई जिल्ला गोपालगञ्ज र बेतियामा विषाक्त रक्सीबाट २४ जनाको ज्या न गएको छ ।भारतीय पत्रिका दैनिक भास्करका अनुसार मृतकमध्ये १३ जना गोपालगन्जका बासिन्दा थिए। यहाँ ७ जना गम्भीर बिरामी छन्। यीमध्ये ३ जनाको आँखाको दृष्टि गुमेको छ। यस्तै बेतियामा १० जनाको मृ त्यु भएको छ। यहाँ ७ जनाको अवस्था गम्भीर छ। यी सबैले विषाक्त रक्सी पिएको आशंका गरिएको छ। गोपालगन्जका



बिरामीहरूको उपचार मोतीहारी अस्पतालमा भइरहेको छ। बेतियाका मृतक तथा बिरामीका परिवारजनले बुधबार साँझ उनीहरूले गाउँमा घरेलु रक्सी पिएका थिए।अबेर राति बिरामी भएपछि उनीहरूलाई अस्पतालमा भर्ती गरियो। यीमध्ये उपचारका क्रममा २ दिनभित्र २३ जनाको मृ त्यु भएको हो। यसपछि उक्त क्षेत्रमा अहिले हंगामा मच्चिएको छ। प्रहरीले भने पोस्टमार्टम रिपोर्ट आएपछि मृत्युको कारण स्पष्ट हुने बताएको छ। घटना शंकास्पद भएकाले अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ।

## आजको राशिफल

**मेष** — प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**वृष** — खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ। आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। नयाँ कुरा हातपार्न केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ।

**मिथुन** — आम्दानी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काम गर्ने क्रममा बाधा आउन सक्छ। तापनि दोहोर्याएर प्रयत्न गर्दा आंशिक फाइदा हुनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

**कर्कट** — कर्मक्षेत्र सबल रहनेछ भने विभिन्न अवसरले पछ्याउनेछन्। दिगो काम प्रारम्भ हुनेछ। आँटेका काममा वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ। कर्मयोगले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। सामाजिक क्षेत्रमा विशेष जिम्मेवारी प्राप्त हुन सक्छ। व्यापारमा लाग्नेहरूलाई पनि सामान्य फाइदै हुनेछ। सोख तथा भोग-विलासमा मन जाने हुँदा फजुल खर्च भने बढ्न सक्छ।

**सिंह** — व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ र मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**कन्या** — प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ। काम बिग्रने भयले सताउनेछ परिस्थितिले चुनौतीहरूसँग सम्झौता गराउन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। सानो कमजोरीले सुनिश्चित प्रतिफलसमेत हातपार्न कठिनाइ देखिन्छ।

**तुला** — घुमफिर तथा मनोरञ्जनको समय छ। व्यापार बढ्नुका साथै व्यवसायमा आम्दानी बढ्नेछ। भौतिक साधन जुट्नाले पनि मनग्य लाभ उठाउन सकिनेछ। प्रियभेट हुनुका साथै प्रेमको बन्धन कसिने समय छ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला। आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्याउनुहोला।

**वृश्चिक** — स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ। रोकिएका काम बन्नाले काममा उत्साह जाग्नेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

**धनु** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अध्ययनमा राम्रो उपलब्धि हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। यात्रा गर्ने अवसर जुट्न सक्छ।

**मकर** — व्यावसायिक काममा केही चुनौती देखिए पनि घरमा लक्ष्मी भित्र्याउने समय छ। मेहनत गर्दा दिगो फाइदा हुनेछ। साझेदार तथा आफन्तजन सहयोगीका रूपमा देखा पर्नेछन्। पहिले रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ। काममा अरूको भरपर्नु भन्दा परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ। तर महत्त्वाकांक्षी योजना अहिले नै सार्वजनिक नगर्नुहोला।

**कुम्भ** — कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। उद्योग र व्यापारमा फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरू बढ्नेछन् भने लाभांश बाँडिन सक्छ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर पनि लाभ उठाउन सफल भइनेछ।

**मीन** — मान-सम्मान पाइने समय छ। बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। सहयोगीहरूले काममा साथ दिनेछन्। राम्रै फाइदाको योग छ। विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ। रोकिएका काम सम्पादन हुनेछन्। पठन-पाठनमा प्रगति हुनेछ। विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ।

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# रंगशाला निर्माणमा हात नझिकेको धुर्मुसको दाबी, अपनत्व ग्रहण गरिदिन सरकारलाई आग्रह



वीरगञ्ज, ३० कार्तिक । चितवनको रामपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला ऋणमा चुर्लुम्म डुबेको छ । धुर्मुस सुन्तली फाउण्डेसनले जनस्तरबाट आर्थिक सहयोग संकलन गरेर निर्माण गरिरहेको रंगशालाको काम चार महिनादेखि ठप्प छ । तीन अर्ब लागतको रंगशाला निर्माण गर्दा १७ करोडभन्दा बढी ऋण लागिसकेको फाउण्डेशनका अध्यक्ष सिताराम कट्टेल धुर्मुसले बताएका छन् । रंगशाला निर्माणमा ५४ करोडभन्दा बढी खर्च भइसकेको छ । रंगशालाको अपनत्व र अभिभावकत्व ग्रहण गरिदिन उनले सरकारलाई आग्रहसमेत गरेका छन् । धुर्मुस सुन्तली फाउण्डेसनको आधिकारिक फेसबुक पेजबाट १४ मिनेट नौ सेकेण्डको भिडियो सार्वजनिक गर्दै धुर्मुसले देशको जितकै लागि भए पनि सरकारले अपनत्व ग्रहण गरिदिनुपर्ने बताए । यस्तै अवस्था रहेर भोलिका दिनमा आफूहरू विचलित हुने दिन आएमा सिंगो देशको हार हुने उनले बताए । ३० हजार क्षमताको हुने रंगशालामा तीन हजार दर्शकले बसेर खेल हेर्न मिल्ने प्यारापिट बनिसकेको छ । मैदान पनि तयार भइसकेको छ । पिच निर्माण गर्न बाँकी छ । कोरोना महामारीका बेला पनि क्रिकेट रंगशालाको काम धमाधम भएको थियो । 'निर्माण सामग्री दिने विभिन्न कम्पनी र व्यक्तित्वहरू धेरै कुरिसक्नुभयो । कति कम्पनी त बन्द हुने अवस्थामा पुगेका छन् । उहाँहरूको तारन्तर फोन आइरहन्छ । तारन्तार मेसेज गरिरहनुहुन्छ, कहिले कहिले ? मसँग पनि जवाफ छैन कहिले ?', उनले भावुक हुँदै भने । सरकारकै नेतृत्वमा निर्माण गर्न भए पनि आफूहरू सहयोगी भूमिका निर्वाह गर्न तयार रहेको उनले बताए । तीन तहकै सरकारलाई परियोजनाको अभिभावकत्व ग्रहण गरिदिन उनले आग्रह गरे । महामारी र चाडपर्वमा पनि आराम नगरी रंगशाला निर्माण अभियान जारी राखिएको स्मरण गर्दै उनले दर्शकको माया र ममता पाएर नै सामाजिक काममा हात हालिएको बताए । रंगशाला निर्माण परियोजनाको आफूहरू माध्यम मात्र भएको उनले बताए ।'हरेक विषम परिस्थितिको सामना गर्दै रंगशाला जसरी पनि बन्नुपर्छ भनेर त्यो आँट, त्यो हिम्मतका साथ हामी अघि बढेका थियौँ । तर, बिडम्बना विगत चार महिनादेखि रंगशाला निर्माण अभियान रोकिएको छ', उनले भने । सरकारको उपस्थितिमा घोषित परियोजना निर्माणका लागि सके जतिको उपाय अपनाइएको तर थोरै सहयोग अनि धेरै आश्वासन र धोका पाइएको उनले बताए । 'सरकारलाई सुरुवाती दिनदेखि नै अभिभावकत्व ग्रहण गरिदिन अनुरोध गरिरहयौँ', उनी भन्छन्, 'संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार । सबैको ढोकामा हामी पटकपटक पुग्यौं । सिंहदरबार, ७५३ वटै सरकारका ढोकामा पत्राचार गरेका छौं । अनुरोध गरेका छौं । हामी नपुगेको ठाउँ, सायदै कम होला ।' आर्थिक अनियमितता हुन नदिन आफूहरू सुरुवाती दिनदेखि नै सचेत रहेको उनले बताए । फाउण्डेसनले असार मसान्तसम्मको लेखापरीक्षण प्रतिवेदन केही दिनमा सार्वजनिक गर्ने तयारी गरेको छ । त्योसँगै भोगाइ र पीडा पनि सार्वजनिक गर्ने सुरमा छन्, धुर्मुस । हरेक आलोचना र टिप्पणीको जवाफ दिइने उनले बताए । 'एकचोटी फेरि सबै जुर्मुराए जुट्ने हो भने अबको ६ महिनादेखि वर्षदिनमा इतिहासमा पहिलो पटक ३० हजार क्षमताको अन्तर्राष्ट्रिय मादण्डको रंगशाला नेपालले पाउने छ', उनले भने । रंगशालाको लागि सहयोग गरिसकेका ४० हजार जनाभन्दा बढीको भावनाको कदर सरकारले गर्नुपर्ने उनले बताए ।

# धर्नामा बसेका कानुन व्यवसायीको खोसियो माइक



वीरगञ्ज, ३० कार्तिक । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै नेपाल बार एसोसिएसनले मंगलबार पनि सर्वोच्च अदालतको गेटमा धर्ना दिएको छ । धर्नामा सम्बोधन गर्न लागेका कानुन व्यवसायीको माइक प्रहरीले खोसेको हो । दुई साताभन्दा बढी समयदेखि बार निरन्तर आन्दोलनमा छ । तर, आइतबारदेखि प्रधानन्यायाधीश जबरालाई कार्यालय प्रवेशमा रोक्ने उद्देश्यले गेटमै बारले धर्ना दिँदै आएको छ । बारको धर्नालाई छलेर आइतबार र सोमबार प्रधानन्यायाधीश जबरा कार्यालय प्रवेश गरेका थिए । कार्यपालिकासँग मिलेर राजनीतिक भागबण्डा खोजेकोलगायतका आरोप लगाएर बार र सहकर्मी न्यायाधीश आन्दोलनमा उत्रिएका हुन् । सोमबार प्रधानन्यायाधीश जबराले संवाद र वार्तामार्फत समाधान खोज्न गरेको आह्वानलाई बारले अस्वीकार गरेको छ ।

# रासायनिक मलको सहज आयातका लागि पहल भइरहेको छ : प्रधानमन्त्री देउवा



वीरगञ्ज, ३० कार्तिक । प्रधानमन्त्री शेरबहादुर देउवाले रासायनिक मलको अभाव हुन नदिन सरकारले पहल गरिरहेको बताएका छन् । सरकारी निवास बालुवाटारमा कपिलवस्तु ३ बाट निर्वाचित कांग्रेस सांसद अभिषेकप्रताप शाह नेतृत्वको टोलीसँगको भेटमा प्रधानमन्त्री देउवाले किसानलाई आवश्यक मल अभाव नहुनेगरी आपूर्तिको पहल भइरहेको बताए । कपिलवस्तुबाट आएका सांसद शाहले मलखाद्य नपाउँदा किसानहरु मारमा परेको जानकारी गराएका थिए । 'मलखाद्य नपाउँदा किसानलाई धेरै नै सास्ती भइरहेको छ । मलखाद्यको व्यवस्था छिटो भन्दा छिटो हुनुपर्यो भन्यौं,' शाहले भने, 'उहाँ (प्रम)ले कुरा भइरहेको छ । भारतसहित अरु देशसँग कुरा भइरहेको जानकारी गराउनुभयो ।' नेपालमा मलखाद्यको अभाव र भारतबाट नेपाली किसानले ल्याउँदा भारतीय सुरक्षाकर्मीले दुख दिने गरेको छ । सरकारले भारतसहित बंगलादेशलगायत राष्ट्रबाट मलखाद्य ल्याउन परराष्ट्र र कृषि मन्त्रालयमार्फत पहल अगाडि बढाइरहेको छ । यसअघि सांसद शाहले गृहमन्त्री बालकृष्ण खाणलाई भेटेर मलखाद्यको सहज व्यवस्था गर्न ध्यानाकर्षण गराएका थिए । कपिलवस्तुमा अधिकांश परिवार खेतीकिसानीमा आश्रित छ । तर समयमा मल नपाउँदा किसान मारमा छन् ।कांग्रेस आमन्त्रित केन्द्रीय सदस्यसमेत रहेका शाहले १४औं महाधिवेशनबारे पनि पार्टी सभापति देउवासँग कुरा भएको बताए ।

# प्रदेश २ : ससुरालीका सबै मिलेर कु ट पिट गरेको भन्दै युवकले गरे आ त्मह त्या, यस्तो लेखिएको थियो सुसाइड नोटमा



वीरगञ्ज, ३० कार्तिक । गतेधनुषामा एक युवाले आ त्मह त्या गरेका छन् ।मिथिला नगरपालिका-२ बस्ने २६ वर्षीय रामचन्द्र महतोले सोमबार राति मिथिला नगरपालिका-५ स्थित श्रीपुरमा रहेको ससुराली घरमा पासो लगाएर आ त्मह त्या गरेका हुन् । झुण्डिएको बेला अचेत फेला परेका रामचन्द्रलाई उपचारका लागि जनकपुरस्थित अस्पतालमा ल्याउने क्रममा मृ त्यु भएको धनुषाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेतले बताए । मृतक महतोको खल्तीमा सुसा इड नोटसमेत फेला परेको उनको भनाइ छ । सुसाइड नोटमा उनले ससुरालीमाथि आरोप लगाउँदै लेखेका छन्, 'ससुरालीका सबै परिवारजन मिलेर सोमबार नि र्घात कुट पिट गरेकाले मेरो मृ त्यु भए त्यसको सम्पूर्ण जिम्मेबार ससुरालीका सबै सदस्य हुने छन् ।' सुसाइड नोटमा लेखिएको छ 'म रामचन्द्र महतो म आफ्नो पुरै होस हवासमा लेख्दै छु की मेरो यदि कुनै कारणवस मृ त्यु भयो भने त्यसको सम्पूर्ण जिम्मा मेरो ससुरालीका सम्पूर्ण सदस्यहरुको हुने छ' उनले सुसाइड नोटमा अगाडी लेखेका छन् ' किनकी मलाई उनीहरुले मिति २०७८।७।२९ गतेका दिन बेलुका तिर सबै जना मिली कु टेको छ र टर्चर गरेकोले मलाई यसले धेरै मन दुख्ने गाली गरेकोले म आ त्मह त्या गर्न गइरहेको छु ।'उनले सुसाइड नोटमा आफ्नो हस्ताक्षर समेत गरेका छन् । मृ तक महतोको श व पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । घटना विषयमा थप अनुसन्धान भइरहेको डिएसपी बस्नेतले बताए । मृ तक महतोले ५ वर्ष अघि प्रेम विवाह गरेका थिए । उनका दुई छोरा छन् ।घरभन्दा केहि पर मात्र ससुराली भएकाले प्रायः ससुरालीघरमा आउजाउ गर्ने गरेका थिए ।

पत्रिका पढेर साथ दिनुभएकोमा धन्यावाद । हामी पाठकवर्गहरुको सल्लाह सुझावहरुको ध्यानमा राखि अगाडी बढ्ने छौं ।

# मुख्यमन्त्रीको राजीनामा माग्दा बर्खास्तीमा परे : यादव



जनकपुरधाम । मंगलबार प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीबाट बर्खास्तीमा पर ेका रामनरेश राय यादवले मुख्यमन्त्री लालबाबु राउतको र ाजीनामा मागेका कारण आफूलाई हटाइएको बताएका छन् । बेटी पढाऔं, बेटी बचाऔं अभियान अन्तर्गत कक्षा ८ का छात्रालाई वितरण गर्न साइकल खरिद गर्दा अनियमितता भएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री कार्यालयमा छापा मार ेपछि आफूले मुख्यमन्त्री राउतलाई राजीनामा दिन भनेको यादवले बताए । मुख्यमन्त्रीलाई भ्रष्टाचार को आरोप लागेपछि राजिनामा दिएर मार्ग प्रशस्त गर्न भनेको थिएँ । नयाँ अनुहारले मुख्यमन्त्री बनाएर जनताको बीचमा जानुपर्ने कुरा गर ेको थिएँ' उनले भने, 'जसको छविमा दाग लागेको छ त्यस्तो छविका व्यक्तिलाई लिएर कसरी निर्वाचनमा जाने ? भनेर कुरा राखेका थियौं ।' यही विषयलाई लिएर आफूलाई बर्खास्त गरिएको यादवको भनाइ छ । 'हुन त उहाँसँग पछिल्लो पटक भेट भएको छैन । तर, त्यही आक्रोशमा निकालेको हुन सक्छ' उनले भने । यादव तत्कालिन र ाष्ट्रिय जनता पार्टी (राजपा) बाट सरकारमा सहभागी भएका थिए । पछि राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच एकीकरण भएर जनता समाजवादी पार्टी (जसपा) बनेको थियो । जसपा बनेपछि पूर्व राजपाका महन्थ ठाकुर, राजेन्द्र महतो पक्षसँग विवाद भएपछि मुख्यमन्त्री राउतले प्रदेश सरकार मा रहेका पूर्वराजपा समूहका मन्त्री बर्खास्त गरेका थिए । त्यतिबेला उपेन्द्र यादवलाई समर्थन गरेका कार ण रामनरेश राय यादवको पद भने जोगिएको थियो । तर अहिले नेकपा एकीकृत समाजवादीलाई सरकार मा सहभागी गराउन भन्दै मुख्यमन्त्री राउतले यादवलाई बर्खास्त गरिदिए । पार्टी बनाउन र बचाउन आफ्नो अहं भूमिका रहेको भन्दै यादवले आफू जहिले पनि पार्टीको हितमा कुरा गर्ने गरेको बताए । 'म कहिल्यै पनि पार्टीको अहित हुने काम गर्दिनँ । र, कुनै अनुहारले गर्छ भने त्यो अनुहारलाई परिवर्तन गर्नुपर्छ' उनले भने । सरकारमा कसलाई पठाउने, कसलाई मुख्यमन्त्री या मन्त्री बनाउने त्यो निर्णय पार्टीले गर्ने भएपनि मुख्यमन्त्रीले त्यो कुरा नबुझेको यादवले बताए । अब संसदीय दलको बैठक, पार्टीको कार्यकारिणी समिति, केन्द्रीय समितिको बैठकमा मुख्यमन्त्रीको बर्खास्तीको विषय उठाउने उनले बताए । दाग लागेको अनुहारलाई राखेर चुनावमा जान नसकिने कुर ा सबै बैठक र नेतृत्व समक्ष र ाख्छौं' उनले भने, 'पार्टीले माग पुर ा गर्नुपर्छ । माग सुनुवाइ हुन्छ । किनभने पार्टी कसैको निजी सम्पत्ति होइन ।

दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाउँपालिका कार्यालय

वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं ।
छिपहरमाई गाउँपालिका कार्यालय

गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं ।
जगरनाथपुर गाउँपालिका कार्यालय

स्वरोजगार बनौं, गरिबी हटाऔं ।
कालिकामाई गाउँपालिका कार्यालय

छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं ।
धोबिनी गाउँपालिका कार्यालय

पारदर्शी बनौं भ्रष्टचार रोकौं ।
पकाहामैनपुर गाउँपालिका कार्यालय

बेटी पढाऔं बेटी बचाऔं ।
पर्टेवा सुगौली गाउँपालिका कार्यालय